# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**
**लुम्बिनी प्रदेश, नेपाल**

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: १ | माघ, २२ गते २०८२ साल | (संख्या: १२) |
|---|---|---|---|


**भाग-१**

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नगर प्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०८२

**<u>प्रस्तावना</u>** : बर्दघाट नगरपालिकाभित्रका गरिब, सीमान्तकृत, असहाय तथा विशेष आवश्यकता भएका बालबालिकाहरूलाई विद्यालय शिक्षा (कक्षा ११ र १२) मा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै उच्च शिक्षासम्मको अवसर प्रदान गरी बर्दघाट नगरपालिकाको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्नका निम्ति नगरपालिकाबाट वितरण गरिने छात्रवृत्तिलाई व्यवस्थित, पारदर्शी र न्यायपूर्ण बनाउन बान्छनीय भएकाले नगर सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "नगरप्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ ।

२. **<u>परिभाषा</u>** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) “कार्यालय” भन्नाले बर्दघाट नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) “प्रमुख” भन्नाले बर्घाट नगरपालिकाको नगरप्रमुख सम्झनु पर्छ ।

(घ) “कोष” भन्नाले नगरप्रमुख छात्रवृत्ति कोष सम्झनु पर्छ

(ङ) “विद्यालय” भन्नाले प्रचलित कानुनबमोजिम सामुदायिक र संस्थागत विद्यालयको रूपमा प्रारम्भिक बालशिक्षादेखि कक्षा १२ सम्म अनुमति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(च) “उच्च शिक्षा” भन्नाले विश्वविद्यालयबाट प्रदान गरिने शिक्षा सम्झनु पर्दछ ।

(छ) “समिति” भन्नाले नगर प्रमुख छात्रवृत्ति कोष सञ्चालन तथा छनौट समिति सम्झनु पर्छ ।

(ज) “छात्रवृत्ति” भन्नाले यस ऐनले तोकेको आधारमा छनोट भएका विद्यार्थीलाई विद्यालय र विश्वविद्यालयमा निःशुल्क अध्ययन गर्नका लागि प्रदान गरेको सुविधा सम्झनु पर्छ ।

( झ) “लाभग्राही” भन्नाले यस ऐनबमोजिम नगरपालिकाबाट उपलब्ध गराइने छात्रवृत्ति प्राप्तिका लागि आवेदन गर्ने विद्यार्थीलाई सम्झनु पर्छ ।

(ञ) “लक्षित समूह” भन्नाले अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलितसहित बेपत्ता पारिएका परिवारका सदस्य, अभिभावकविहीन बालबालिबालिका, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार र अति विपन्न वर्गका अन्य समुदायका परिवारका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले ऐनको दफा १८ ले तोकेबमोजिमका विद्यार्थीलाई समेत बुझाउँछ ।

## परिच्छेद-२

## <u>कोष र कोष परिचालन</u>

३. **<u>कोष स्थापना</u>** : (१) नगर प्रमुख छात्रवृत्ति कोष नामको एक कोष स्थापना गर्न सकिने छ ।.

(२) कोषमा देहायबमोजिमको रकम रहने छन् ।

(क) नगरसभाबाट विनियोजित रकम ।

(ख) सङ्घीय सरकार प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

(ग) अन्तर्राष्ट्रिय सङ्घसंस्था वा विदेशी शुभेच्छुकबाट प्राप्त रकम ।

(घ) स्वदेशी व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

४. **<u>कोषको उपयोग</u>** : क) कोषको रकम दफा ९ बमोजिम छनोटमा परेका कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति र उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूका लागि प्रदान गरिने शैक्षिक प्रोत्साहनमा उपयोग गरिनेछ।

ख) कोषको रकम सरकारी वा सामुदयिक विद्यालय/विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई मात्र प्रदान गरिनेछ।

५. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आयव्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने छ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुने छ ।

## परिच्छेद-३

## छात्रवृत्ति कोष सञ्चालन तथा छनौट समिति

६. **छात्रवृत्ति कोष सञ्चालन तथा छनौट समितिको गठन** : (१) नगरपालिकाले वितरण गर्ने छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न नगरपालिकामा देहायबमोजिमको एक छात्रवृत्ति कोष सञ्चालन तथा छनौट समिति रहने छ ।

(क) नगरप्रमुख -अध्यक्ष
(ख) नगरपालिकाको उपप्रमुख -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) सामाजिक विकास समिति संयोजक -सदस्य
(ङ) नगरप्रमुखले तोकेको नगर कार्यपालिका सदस्यहरूमध्ये बाट महिला - सदस्य
(च) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको कर्मचारी -सदस्य सचिव

(२) उपदफा (२) बमोजिमको मनोनित सदस्यको पदावधि दुई वर्षको हुने छ ।

(३) समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

(४) समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुने छ ।

७. **समितिको काम कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) छात्रवृत्तिलाई दीर्घकालीन तथा प्रभावकारी बनाउनको लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने ।

(ख) नगरपालिकाको निर्णयबमोजिम छात्रवृत्ति शीर्षकमा बिनियोजित बजेटसमेतको विश्लेषण गरी प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने सङ्ख्या र छात्रवृत्ति रकम यकिन गर्ने ।

(ग) छात्रवृत्ति प्रदान गर्नको लागि योग्य लाभग्राही छनौट गरी छात्रवृत्ति रकम तोक्ने ।

(घ) छात्रवृत्ति कोष सञ्चालनसम्बन्धी निति तर्जुमाका लागि नगरपालिकासमक्ष सुझाव पेस गर्ने ।

(ङ) छात्रवृत्तिसम्बन्धी अन्य काम गर्ने ।

८. **समितिको बैठकसम्बन्धी व्यवस्था** : (१) समितिको बैठक आवश्यकतअनुसार बस्ने छ ।

(२) समितिको बैठकमा आवश्यकताअनुसार विज्ञ तथा सरोकारवालाहरूलाई आमत्रण गर्न सकिने छ ।

## परिच्छेद-४

## छात्रवृत्ति लाभग्राही छनौट

९. **छनौटको लागि सूचना प्रकाशन** : (१) कम्तिमा १५ दिनको म्याद दिई यस ऐनबमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक योग्य लाभग्राहीबाट प्रत्येक वर्ष वैशाख महिनामा दरखास्त आह्वान गरी स्थानीय सञ्चार माध्यम, नगर कार्यालय र सबै वडा कार्यालयको सूचनापाटी र वेभसाइटमा प्रकाशन गर्नुपर्ने छ ।

(२) विशेष अवस्थामा समितिले निर्णय गरी दरखास्त बुझाउने थप गर्न सक्ने छ ।

(३) इच्छुक योग्य लाभग्राहीले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनु पर्ने छ । तोकिएको अवधिभित्र दरखास्त पेस नगर्ने लाभग्राहीले यस ऐनबमोजिमको छात्रवृत्ति सुविधा पाउने छैनन् ।

१०. **छात्रवृत्ति पाउने लाभग्राही छनौट** : (१) छात्रवृत्ति पाउने लाभग्राही छनौटका लागि दफा ८ को उपदफा (३) बमोजिम प्राप्त आवेदनहरूको समितिले अनुसूची-२ मा भएका सूचकहरूको आधारमा अङ्क प्रदान गरी लाभग्राहीको योग्यता क्रमको सूची तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमका सूचकहरूबाट सवैभन्दा बढि अङ्क प्राप्त गर्ने लाभग्राही पहिलो प्राथमिकतामा पर्ने गरी योग्यता क्रमको सूची तयार गर्नुपर्ने छ ।

११. **छात्रवृत्ति प्रदान नगरिने** : देहायको अवस्थामा लक्षित समूहका लाभग्राहीलाई छात्रवृत्ति प्रदान गरिने छैन:-

(क) कुनै शिक्षण संस्थाबाट सोहि विधामा छात्रवृत्ति प्राप्त गरिरहेका विद्यार्थीलाई दोहोरो पर्ने गरी

(ख) गलत वा विवरण भरेको प्रमाणित भएमा ।

(ग) कुनै फौजदारी कसुरमा दोषी प्रमाणित भएको ।

(घ) यो दफामा उल्लिखित व्यवस्था उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई शैक्षिक प्रोत्साहन प्रदान गर्ने प्रयोजनार्थ लागु हुने छैन।

१२. **छात्रवृत्तिको रकम भुक्तानी** : दफा (१०) बमोजिम छनोट भएका लाभग्राहीलाई समितिले निर्धारण गरेबमोजिम छात्रवृत्ति रकम कार्यालयले लाभग्राहीको बैङ्क खातामा भुक्तानी दिनुपर्ने छ ।

## परिच्छेद-६
## विविध

१३. **<u>बैठक भत्ता</u>** : समिति तथा सोअन्तर्गत बनेको उपसमितिका सदस्य, आमन्त्रित सदस्य तथा सो कामकाजका लागि खटिएका कर्मचारीले समितिले तोकिएबमोजिमको बैठक भत्ता र सुविधा पाउने छन् ।

१४. **<u>अधिकार प्रत्यायोजन</u>** : समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार समितिको कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

१५. **<u>बाधा अड्काउ फुकाउने र संसोधन</u>** : (१) ऐन लागु गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्ने छ ।

(२) यो ऐन नगरसभाले संसोधन गर्न सक्नेछ। ।

१६. **<u>प्रचलित कानुनबमोजिम हुने</u>** : यस ऐनमा उल्लेख भएको विषयमा ऐनबमोजिम र अन्य विषयको हकमा प्रचलित कानुनबमोजिम हुने छ ।

अनुसूची-१

(ऐनको दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

मिति:............................

श्री शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखज्यू,
बर्दघाट नगरपालिका ।

विषय: छात्रवृत्तिको लागि आवेदन पेस गरेको सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति ...... मा प्रकाशित सूचनाबमोजिम (निवेदको बुवा/आमाको नाम) को छोरा/छोरी/बुहारी म (..निवेदकको नाम ) बर्दघाट नगरपालिका वडा नं....... मा स्थायी बसोबास गर्दै आएको र हाल श्री (विद्यालयको/क्याम्पसको नाम) मा ( अध्यनरत कक्षा वा तह ) मा अध्ययनरत रहेको छु । बर्दघाट नगरपालिकाको नगर प्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२ ले व्यवस्था गरे बमोजिम शैक्षिक छात्रवृत्ति पाउनको लागि म योग्य भएको हुँदा देहायबमोजिमका कागजातहरू संलग्न राखी आवेदन पेस गरेको बेहोरा अनुरोध गर्दछु।

**निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू**

(क) विद्यालय वा क्याम्पसले निवेदकले तहाँ अध्ययन गरिरहेको र क्याम्पस/विद्यालयबाट यस किसिमको छात्रवृत्ति प्राप्त नगरेको खुल्ने बेहोराको सिफारिस पत्र ।

(ख) विपन्नता वा गरिबीको हकमा गरिबी परिचयपत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा वडाले बेहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।

(ग) अघिल्लो कक्षा/तह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

(घ) बेपत्ता परिवार, सहिद तथा जनआन्दोलनका घाइते परिवारको हकमा मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणपत्र वा सिफारिस पत्रको प्रतिलिपि।

(ङ) विद्यार्थीको स्थायी रूपमा बसोबास गर्दै आएको र दलित भएको भए वडा कार्यालयको सिफारिसको सक्कलै पत्र ।

(च) अपाङ्गताको हकमा परिचयपत्रको प्रतिलिपि।

(छ) एकल महिला, टुहुरा/असहायको/अभिभावकविहीन विद्यार्थीको हकमा वडाको सिफारिस पत्र ।

ज) दलित/ लोपोन्मूख/ अति सिमान्तकृत परिवार/ आ.ज./ मधेशी/ मुस्लिम/अल्पसंख्यकको हकम वडाको सिफारिस वा सम्बन्धित निकायको प्रमाणपत्र

अनुसूची-२

(ऐनको दफा ९ सँग सम्बन्धित)

लाभग्राही छनोटका आधारहरू

| क्र.सं. | छनौटका आधारहरू | दिइने अङ्क | प्रमाण पुग्ने कागजातहरू |
|---|---|---|---|
| १. | गरिबी | ४ | भूमि व्यवस्था सहकारी र गरिबी निवारण मन्त्रालयले जारी गरेको परिचयपत्रको |
| | (क) अति गरिब घरपरिवार भएको गरिबी परिचयपत्र भएको | ४ | |
| | (ख) गरिब घरपरिवार भएको गरिवी परिचयपत्र भएको | ३ | |
| | (ग) अति गरिब परिवार भएको वडाको सिफारिस | २ | वडाको सिफारिस |
| | (घ) गरिब परिवार भएको वडाको सिफारिस | १ | |
| २. | अपाङ्गता | ४ | |
| | (क) बुवा/आमा र लाभग्राही अपाङ्ग | ४ | परिचयपत्र |
| | (ख) लाभग्राही/ बुवा/आमा अपाङ्ग | ३ | |
| ३. | एकल महिला/ टुहुरा असाहय/अभिभावकविहीन | ४ | विद्यार्थीको स्वःघोषण र वडाको सिफारिस |
| | (क) बुवाआमा कोहि नभएको | ४ | |
| | (ख) आमा/ बुवा मात्र भएको | ३ | |
| ४. | बेपत्ता परिवार, सहिद तथा जनआन्दोलनका घाइतेका सन्तान | २ | मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणपत्र/ सिफारिस पत्र |
| ५. | जेहन्दार | ३ | |
| | (क) प्रथम श्रेणी वा जिपीए ३.२ देखि ४ सम्म | ३ | अघिल्लो कक्षा/तहको लब्धाङ्क पत्र |
| | (ख) द्वितीय श्रेणी वा जिपिए २.४ देखि २.८ सम्म | २ | |
| | (ग) तृतीय श्रेणी वा जिपिए १.६ देखि २.० सम्म | १ | |
| ६. | दलित/ लोपोन्मूख/ अति सिमान्तकृत परिवार | २ | वडाको सिफारिस वा सम्बन्धित निकायको प्रमाणपत्र |
| ७. | आ.ज./ मधेशी/ मुस्लिम/अल्पसंख्यक | १ | वडाको सिफारिस वा सम्बन्धित निकायको प्रमाणपत्र |
| | जम्मा | २० | |

**आज्ञाले,**

**(बाबुराम पौडेल)**

प्रमुख प्रशासकीय अधिकृत